लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
घोराही, दाङ

पत्र संख्या : ०८३/८४
चलानी नं : ७३

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मितिः २०८३।०५।२२)*

आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८३।०६।२० गते सम्म) यस केन्द्रमा तपसिल अनुसारका कागजातहरू सहित केन्द्रले निर्धारण गरेको ढाचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजात संलगन राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्र, केन्द्रको वेवसाईट (akcdang.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| क्र.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,<br>स्यालो ट्यूववेल जडान। | • फर्मकम्पनी//कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हेसिंचित क्षेत्र विस्तार . गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | स्वीकृत कार्यविधि बमोजिम हुने |
| २ | क्षेत्रफलमा आधारित प्रोत्साहन अनुदान | • तोकिएको धानबाली उत्पादन गर्ने कृषक/ कृषि फर्म | • कृषक/ कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि | स्वीकृत कार्यविधि बमोजिम हुने |

| क.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | कार्यक्रम (तिल्की, सिम्ठारो) | /कम्पनी/कृषक समुह/कृषि सहकारीको सूची तयार गरिने,<br>• तोकिएको धानबाली लगाइरहेको क्षेत्रफल यकिन गर्नका लागि  अनुगमन गरिने। | सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कम्तिमा २ कठ्ठा क्षेत्रफलमा तोकिएको धान एकल वा सामूहिक रुपमा लगाएको हुनुपर्ने,<br>• जग्गाधनी स्वयंले नागरिकता, जग्गाधनी पूर्जाको प्रतिलिपि सहित आवेदन दिनुपर्ने,<br>• कार्यालयले तोकिएको बाली लगाइरहेको क्षेत्रफल एकिन गर्नुपर्ने। | |
| ३ | मागमा आधारित कृषि विकास कार्यक्रम | • बालीबस्तुको उत्पादन/ प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु,<br>• उत्पादन/ प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामग्री। | • फर्मकम्पनी//कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• कार्यालयद्धारा प्राप्त प्रस्तावलाई निर्धारित सूचकका आधारमा मूल्याङ्कन गरी आयोजना छनोट गरिने । | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ४ | कृषि यान्त्रिकीकरण कार्यक्रम | • सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद, | • फर्म/कृषक समूह/कम्पनी/ कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ५ | रैथाने वाली तथा | • खाद्यान्न, दलहन, तेलहन, | • उत्पादन/संकलन/प्रशोधन/ | स्वीकृत कार्यविधि |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
घोराही, दाङ

पत्र संख्या : ०८३/८४
चलानी नं :

| क्र.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम | फलफूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका बाली तथा वस्तुको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक) | बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने, | बमोजिम हुने |
| ६ | कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम | • स्वदेशी/स्थानीय उत्पादनको सङ्कलन, प्याकेजिङ, ग्रेडिङ र बजारीकरण सामग्रीमा सहयोग<br>• बजारीकरण सामग्री (तराजु, क्रेट, बोराप्याकेजिङ , सामग्री, प्याकेजिङ्ग मेसिन लगायत)<br>• बजार सूचनासँग सम्बन्धित क्रियाकलापहरु बजार मूल्य ) सूचना प्रवाह/डिस्प्ले, डिजिटल भुक्तानी प्रणाली, बजार तथ्याङ्क व्यवस्थापन)<br>• | • कृषि फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारीबजार / समिति सहभागि हुन सक्ने।<br>• व्यावसायिक रुपमा स्थानीय स्तरमा कृषि उपज उत्पादन गरी वा स्वदेशी/स्थानीय उत्पादन सङ्कलन, ग्रेडिङ तथा प्राथमिक प्रशोधन गरिरहेका कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारीबजार / समितिले आवेदन दिन सक्ने।<br>• सामुहिक रुपमा सञ्चालित व्यवसायलाई प्राथमिकता दिन सकिने। | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ७ | बगरखेती प्रवर्द्धन कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले छनोट भएको बालीको उत्पादन तथा बजारीकरणसँग सम्बन्धित क्रियाकलापहरू | • कृषक/फर्म/कम्पनीको न्यूनतम ३ कठ्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने,<br>• कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम २० कठ्ठा | स्वीकृत कार्यविधि बमोजिम हुने |

| क्र.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | | • वीउविजन ,वाली संरक्षण , सुक्ष्मतत्व, स्प्रेयर लगायतका उत्पादन सामग्रीहरु। | क्षेत्रफलमा खेती गर्नुपर्ने। | |
| ८ | बसन्ते बाली प्रबद्धन कार्यक्रम | • बीउ विजन, वेर्ना, नर्सरी, सुक्ष्म तत्व, तथा अन्य उत्पादन सामग्रीहरूमा सहयोग,<br>• बाली कटानी, कृषि प्रविधि प्रर्दशन,<br>• यन्त्र उपकरणहरू,<br>• अभिमूखीकरण/क्षमता विकासका कार्यहरु। | • कार्यालयले उपयुक्त स्थानमा फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीसँगको समन्वयमा वसन्ते बाली चैते धान), वसन्ते मकै, तरकारी, मुङ्ग, सूर्यमूखी ( छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• छनोट भएको क्षेत्रमा कम्तीमा २.५ हेक्टर क्षेत्रफल ओगट्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने। | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ९ | बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार शुल्कमा सहयोग कार्यक्रम | • शीत भण्डारण शुल्क सहयोग,<br>• बीउ ढुवानी,<br>• बोरा खरिद/छपाई। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने,<br>• वोरा छपाईको हकमा आर्थिक वर्ष उल्लेख गर्नुपर्ने। माग अनुसार शीत भण्डार शुल्कमा मात्र समेत सहयोग गर्न सकिने,<br>• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले वीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने वा जानकारी दिनुपर्ने । | स्वीकृत कार्यविधि बमोजिम हुने |
| १० | सहकारी मार्फत कृषि | सहकारी संघ/संस्थाहरु मार्फत | सहकारी संघ/संस्थाहरुले | स्वीकृत कार्यविधि |

| क्र.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम | कृषि/पशुपन्छी जन्य उत्पादन, प्रशोधन, बजारिकरणसंग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार उपकरण, सामाग्रीमा सहयोग | कार्ययोजनासहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने। दर्ता भएको मितिले २ बर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु हुनुपर्ने। कम्तीमा २ लाख सम्मको लागतको प्रस्ताव पेश गर्नुपर्ने। | बमोजिम हुने |
| ११ | युवा लक्षित कृषि उत्पादन/उद्यमशीलता कार्यक्रम | कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना। | १८ बर्षदेखि ४० बर्षका युवा सहभागी हुन सक्ने, | स्वीकृत कार्यविधि बमोजिम हुने |

**आवश्यक कागजातहरू:**

१. निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि ।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा उपलब्ध रहेको) ।
६. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

**पुनश्चः उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अगि बढाउन कार्यालय बाध्य हुने छैन । आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगि कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ ।**


☎०८२-५६०१३०/५६००२५, *Email:* akcdang @gmail.com/websites:akcdang.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

घोराही, दाङ

पत्र संख्या : ०८३/८४
चलानी नं :

---

## थप जानकारीका लागि

कृषि ज्ञान केन्द्र, दाङ

०८२-५६००२५

सूचना अधिकारी मोवाइल नं: ९८५७८६०३०३

वेबसाइट: akcdang.lumbini.gov.np

---



☎०८२-५६०१३०/५६००२५, *Email: akcdang* @gmail.com/websites:akcdang.lumbini.gov.np